" **By Nepali for Nepali** नेपालीको लागि नेपाली"

# Non-Resident Nepali Association

## National Coordination council Malaysia

*मिति : ६ अगष्ट २०१७*

*आदरणीय मलेसियावासी नेपाली दाजुभाई तथा दिदीवहिनीहरु,*
*नमस्कार ।*

गैर आवासिय नेपाली संघ मलेसिया एक दशक देखि मलेसियामा स्थापना हुदै मलेसियामा रहेका नेपालीहरुको विचमा सामाजिक काम गर्दै विभिन्न निकाया नेपाल सरकार, नेपाली दुतावास, विभिन्न संस्थाहरु संग सहकार्य गर्दै आएको हामी सबैलाई सर्वबिदितै भएको कुरा हो ।

विगत केहीबर्षयता मलेसियामा नेपालीहरुको बढ्दो बृद्धिसँगै विभिन्न समस्याका बावजुत पनि नेपालीहरुको संख्या पनि उत्तिकै बढ्दो छ । नेपालमा सम्झौता गरेअनुसार तलब सुविधा नपाउनु, सम्झौता करारपत्र अनुरुप रोजगारदाताबाट सहयोग नपाउनु र विभिन्न कारण पीडित हुनु र गैरकानुनी हुने नेपालीको संख्या दिनानुदिन बढ्दै जानु र यसअघि गैरकानुनी हैसियतका नेपाली सहज र कम शुल्क तिरेर घर फिर्न पाउने सुविधाको व्यवस्था मिलाएर नेपाली दुतावासले गरेको सह्रायनीय कार्यप्रति हाम्रो संघ गौरवान्दित रहको र अझै निरन्तता दिईयोस भन्न चाहान्छौं, नेपालीहरु कुनै पनि हालतमा नेपालीहरु ठगिएको विभिन्न घटनाहरु त्यसप्रति हाम्रो संस्था **'गैरआवासीय नेपाली संघ मलेसिया'** को ध्यानाकर्षण भएको अवगत गराउँदछौं । **"नेपालीका लागि नेपाली"** भन्ने अभियानलाई आत्मसाथ गर्दै एनआरएनए मलेसियाको **पाँचौं अधिवेशन यहि २७ अगष्ट** मा गर्ने निर्णय भएको हुदाँ आगामी दिनमा विभिन्न संस्थाका पदाधिकारी, पत्रकार, बुद्धिजिवी, श्रमिक अगुवा, व्यवसायीहरु, लाखौं नेपाली विच एनआरएनए मलेसियाले भोलिको दिनमा पुलको काम गर्ने विश्वास लिएको छौं । यसको निमित्त मलेसियामा रहेका विभिन्न संस्थाहरु विच सहकार्य गरी आउँने दिनहरुमा बाटो खुलाउँन सबै उतिक्कै भूमिका रहन्छ ।
एनआरएनए मलेसियाको पाँचौं अधिवशेन सेरोफेरो अर्न्तगत निम्न कार्यक्रमहरु रहेको जानकारी गर्दछौं ।

**०६ अगष्ट २०१७ एनआरएन मलेसिया तथा विभिन्न संस्थाका पदाधिकारीहरु विच छलफल ।**
**१५ अगष्ट २०१७ एनआरएन मलेसियाको सदस्य नविकरण तथा नयाँ सदस्य वितरण अन्तिम समय ५ वजे सम्म**
**१५ अगष्ट देखि १९ अगष्ट २०१७ सम्म सदस्य चेक जाँच, कार्ड वितरण तयारी गर्ने ।**
**२० अगष्ट २०१७ उम्मेद्वारी दर्ता गर्ने । समय साँझ ५ वजे ।**
**२२ अगष्ट २०१७ दावी विरोध, उम्मेद्वारी फिर्ता, उम्मेद्वारी सार्वजानिक । समय ५ वजे ।**
**२६ अगष्ट २०१७ कार्यक्रम स्थल अवलोकन ।**
**२७ अगष्ट २०१७ पाँचौं अधिवशेन विहान १० देखि ५ वजे सम्म ।**
**२७ अगष्ट २०१७ तिज कार्यक्रम वेलुका ७ वजे देखि ११ वजे सम्म ।**

धन्यवाद । जय एनआरएन ।

सुन्दर आले मगर
महाचिव

विश्व राई
अध्यक्ष